# अनुपमको उद्घोषण तालिम द्विशतक शृङ्खलामा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

अनुपम म्युजिक पोखराले आफ्नो तालिमको २०० औँ शृङ्खला सम्पन्न गरेको छ।

२०६७ सालदेखि औपचारिक रूपमा साङ्गीतिक गतिविधि र उद्घोषण तथा भाषणकलासम्बन्धी तालिम सञ्चालन गर्दै आएको संस्थाले त्यसअघि २०६२ देखि अनौपचारिक रूपमा यस्ता गतिविधि सञ्चालन गर्दै आएको प्रबन्ध निर्देशक अनुराग अधिकारीले जानकारी दिए।

२०० औँ शृङ्खला सम्पन्न भएको अवसरमा आयोजित कार्यक्रमका प्रमुख अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले आफूले तालिमको पहिलो शृङ्खला उद्घाटन गरेदेखि हालसम्म अनुपमले गरेका कार्यक्रमबाट आफू निकै प्रभावित भएको अनुभव सुनाए। उनले तालिमबाट पोखरा र आसपासका मूर्धन्य व्यक्तिहरू प्रशिक्षित भएको प्रत्यक्ष देख्न



पाउँदा गौरव पनि लागेको उनको भनाइ थियो। "एउटै संस्थाबाट अहिलेसम्म १० हजारभन्दा बढी व्यक्ति प्रशिक्षित हुनु सामान्य कुरा होइन" सरुभक्तले भने, "प्रशिक्षित व्यक्तिहरूले समाजमा कैयौँ उदाहरणीय कार्यहरू गरेका होलान्, तिनका माध्यमबाट समाज लाभान्वित भएका होलान्। त्यसले मलाई निकै खुसी तुल्याएको छ।" कार्यक्रमका विशेष अतिथि हिसान, गण्डकी प्रदेशका वरिष्ठ उपाध्यक्ष तथा न्यु ग्यालेक्सी माविका प्रिन्सिपल डा. रामजी शर्माले विद्यार्थीदेखि उद्योगी र राजनीतिक नेतृत्वसम्मका व्यक्तिका लागि पनि अनुपमले तालिम दिनु चानचुने कुरा नभएको धारणा राखे। आफ्नो क्षेत्रबाट अनुपमले गरेको योगदानको मूल्याङ्कन नेपाली समाजले पक्कै गर्ने विचार उनको थियो।

कार्यक्रमका अध्यक्ष अनुपम म्युजिक पोखराका संरक्षक तथा तीर्थहरि स्मृति प्रतिष्ठानका अध्यक्ष वीरेन्द्रमान पालिखेले अनुपमले सञ्चालन गरेका हरेक गतिविधिमा तीर्थहरि स्मृति प्रतिष्ठानको साथ रहँदै आएको स्मरण गर्दै आगामी दिनमा पनि सामाजिक र साङ्गीतिक गतिविधिहरूमा सधैँ साथ दिने प्रतिबद्धता दोहोऱ्याए।

अनुपम म्युजिकका प्रबन्ध निर्देशक अनुराग अधिकारीले हालसम्मको साथका लागि सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी आर्थिक वर्षदेखि तालिमलाई थप व्यवस्थित र प्रविधिमैत्री ढङ्गले अघि बढिने जानकारी दिए।

अनुपममा एक पटक प्रशिक्षार्थीका रूपमा जोडिएपछि आवश्यक तालिम अन्य जुनसुकै समयमा पनि निःशुल्क लिन सकिने सुविधा रहेको उनले जानकारी दिए।

कार्यक्रममा गायक रामभक्त जोजिजू, गुरुङ चलचित्रका महानायक ताराबहादुर गुरुङ, ब्लु बर्डकन्सल्टेन्सीकानिर्देशकविष्णुप्रसाद अधिकारीले शुभकामना दिएका थिए। कार्यक्रममा प्रशिक्षार्थीहरू विविषा पौडेल, विपासा कार्की, स्वच्छिका त्रिपाठी, आस्था भण्डारी, कल्पित नेपाल, अरविन भण्डारी, सीता अधिकारी, हिरा बरुवाल, रमा खड्कालगायतले आफ्ना अनुभव सुनाएका थिए।

सोही अवसरमा पछिल्लो समय सञ्चालित तालिमका ३० जना सहभागीहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो। कार्यक्रमको सञ्चालन प्रशिक्षार्थी अमिसा गुरुङले गरेकी थिइन्।



जलकुम्भी झारले ढाकेको फेवाताल :
जलकुम्भी झारले ढाकेको फेवाताल। जलाधार क्षेत्रबाट वर्षाको बाढीसँगै बगेर आएको जलकुम्भी झार फैलिएपछि ताल यतिखेर कुरूप बनेको छ। तस्बिर : हरिप्रसाद बास्तोला/रासस तष्विरः पोखरापत्र

# तेत्तीस वर्षदेखिको सीमा विवाद समाधान

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका दुईवटा वडाका बासिन्दाहरूबीचको ३३ वर्षदेखिको सीमा विवाद समाधान भएको छ। अन्नपूर्ण गाउँपालिका-१ दोवा र २ भुरुङ्गतातोपानीका बासिन्दाबीच दुवै वडाको सीमा क्षेत्रमा पर्ने बस्ती, खेतीयोग्य जमिन, वन र चरन क्षेत्रको उपभोगका विषयमा विवाद रहँदै आएको थियो।

गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, उपाध्यक्ष दिवा तिलिजा पुन, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदी, दोवाका वडाअध्यक्ष दिलीप गर्बुजा, भुरुङ्गका वडाअध्यक्ष ओम फगामी, जिसस सदस्य देव गर्बुजा, वडा सदस्य र दुवै वडाका प्रतिनिधिहरूको बैठकले विवादलाई सहमतिमा टुङ्ग्याएको हो। विसं २०४६/४७ मा गाविस विभाजन हुँदा दोवाका बासिन्दा बसोबास गर्दै आएको सुनारीको बस्ती, जग्गा र लेकको चरन तथा वन क्षेत्र प्राविधिक त्रुटिका कारण भुरुङ्ग तातोपानीको नक्सामा समावेश भएको विषयलाई लिएर दुवै गाउँका बासिन्दाबीच तीव्र विवाद रहेको थियो।

सीमा विवादको विषयलाई लिएर असार ८ गते शुक्रबार दोवाका बासिन्दाले अन्नपूर्ण गाउँपालिकाको कार्यालय अगाडि नाराबाजीसहित प्रदर्शन गरेका थिए। नक्सामा जे भए पनि भोगचलन गर्दै आएको सिमानाअनुसार नयाँ नक्सा तयार पार्ने प्रक्रिया अघि बढाउने र सीमा क्षेत्रको जङ्गल दुवै गाउँका उपभोक्ताले आफूलाई जहाँ पायक पर्छ त्यही उपभोग गर्ने २०७४ साल कात्तिक १९ गतेको सहमति कार्यान्वयन गर्ने निर्णय भएको छ। सीमा विवादको विषयलाई लिएर भुरुङ्ग तातोपानीका पूर्वगाविस अध्यक्ष कुलवीर राम्जाली, वडाअध्यक्ष फगामी र पूर्ववडा सदस्य बुद्धि पुनमाथि दोवाका बासिन्दाले सामाजिक सञ्जाल र प्रदर्शनका क्रममा लगाएको आरोपको दोवाका बासिन्दाका तर्फदेखि क्षमायाचना मागिएको छ।

नक्साको त्रुटि सच्याएर नयाँ बनाउन विशेष गाउँसभाबाट निर्णय गरेर सङ्घीय सरकारसँग प्रक्रिया अघि बढाउने र दुई वडाको विकास योजनाका लागि बजेट विनियोजनमा भूगोलका आधारमा नभएर हालकै अनुपातलाई आधार मान्ने सहमति पनि भएको भुरुङ्गका वडाअध्यक्ष फगामीले बताउनुभयो।

# पोखरा ५ का ज्येष्ठ नागरिकसंग पोखरा महानगर न्यायिक समिति

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

न्यायिक समितिको काम, कर्तब्य र अधिकार बारे जनस्तरमा पुऱ्याउने उद्देश्यले पोखरा महागनरपालिका न्यायिक समितिले ज्येष्ठ नागरिकसंग न्यायिक समिति कार्यक्रम सञ्चालन गरिरहेको छ।

पोखराका विभिन्न संघसंस्थाको आयोजनासंगको सहकार्यमा ज्येष्ठ नागरिक र विद्यार्थीसंग न्यायिक समिति कार्यक्रम गरेको छ। सोही कार्यक्रम अर्न्तगत नमुना महिला विकास समाजको आयोजनामा पोखरा महानगरपालिका वडा नम्वर-५ प्रस्याङमा रहेको ज्येष्ठ नागरिक मिलन केन्द्रका ज्येष्ठ नागरिकसंग न्यायिक समितिको गठन प्रक्रिया र अधिकार क्षेत्रका बारेमा प्रशिक्षण तथा अर्न्तक्रिया कार्यक्रम गरेको हो।

कार्यक्रमको उद्घाटन गदै वडा नम्वर ५ का अध्यक्ष विष्णुप्रसाद बराललले स्थानीय



तहका विवाद समाधानका लागि न्यायपालिकाको रुपमा न्यायिक समितिको व्यवस्था संविधानले गरेको बताउनुभयो। उहाँले ज्येष्ठ नागरिकसंग सम्वन्धि विवाद समेत न्यायिक समितिले गर्ने भएकाले यसको जानकारी दिन कार्यक्रम आयोजना गरिएको बताउनुभयो। कार्यक्रममा न्यायिक समिति सदस्य कालिदास पोखरेलले न्यायिक समितिले ज्येष्ठ नागरिकलाई इज्जत अर्मादसंग खान लाउन नदिएमा न्यायिक समितिमा आउन सक्ने बताउनुभयो। कार्यक्रममा न्यायिक समिति सदस्य भावना श्रेष्ठले न्यायिक समितिको गठन प्रक्रिया र समितिका अभिलेख संरक्षक राममणी अधिकारीले समितिको अधिकार क्षेत्रका बारेमा प्रशिक्षण दिनुभएको थियो। कार्यक्रममा ज्येष्ठ नागरिक मिलन केन्द्र पोखरा ५ का अध्यक्ष विश्वनाथ पराजुलीले न्यायिक समितिको कार्यक्रम ल्याएर कानुनका विषयमा जानकारी दिएको भन्दै धन्यबाद ज्ञापन गर्नुभयो।

कार्यक्रम नमुना महिला विकास समाज कास्कीका अध्यक्ष दुर्गा खनालको अध्यक्षतामा भएको थियो भने स्वागत कोषाध्यक्ष ज्योति नेपाली र सचिव पार्वती गिरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# रास्वपा वडा १३ को सभापतिमा पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

राष्ट्रिय स्वतन्त्र पार्टी वडा १३ को भेलाले वडा समितिको सभापति नरेश पौडेललाई सभापति चयन गरेको छ।

समितिको उपसभापतिमा केदार बराल, सचिवमा महादेव देवकोटा चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश सरिता भन्तवा, कल्पना बराल सूबेदी, सन्ध्या गुरुङ,संगीता आचार्य पौडेल, देव नेपाली, उत्तम



कुमार ढेवाजू, सन्त बहादुर थापा, हस्मत मियाँ छन्। त्यसैगरी ऱ्यापिट एक्सन टिममा भरत बालकोटी, शिव देवकोटा, जीवन बराल, सुभाष बराल, प्रबिन्द्र अधिकारी, सरोज आचार्य र बिश्व बराल रहेका छन्। त्यसैगरी सल्लाहकार समितिमा क्रमश कर्ण बहादुर गुरुङ, माधवराज बराल, रहीमूल्ला मियाँ, हरि कृष्ण बराल, विकल लामीछाने, र गोविन्द प्रसाद पौडेल चयन भए । संघीय सांसद शिब नेपालीले निर्वाचित सदस्यहरुलाई वदाई दिए।

## मनसुनजन्य...

नभएर स्थानीय र सङ्घ सरकार पनि गम्भीर भएर लाग्नुपर्ने धारणा राख्नुभयो। प्रदेशसभामा आगामी आव २०८०/८१ का लागि विनियोजित बजेटको मन्त्रालयगत छलफल जारी रहेको छ। आइतबारको बैठकमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयसँग सम्बन्धित शीर्षकमा छलफल भएको प्रदेशसभा सचिवालयले जनाएको छ।

## चार सय...

तोकिएको समयभन्दापछि बजेट ल्याइए गैरकानुनी मानिन्छ।"

कर्णाली प्रदेशअन्तर्गतका ७९ पालिकामध्ये ६२ पालिका अर्थात् ७८.५ प्रतिशत स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट ल्याएका छन्। प्रदेशअन्तर्गतका १७ स्थानीय तहले बजेट ल्याउन बाँकी रहेको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। गण्डकी प्रदेशबाट ७५ दशमलव तीन प्रतिशत पालिकाले बजेट ल्याएका छन्। कूल ८५ स्थानीय तह रहेको यस प्रदेशमा असार १७ गतेसम्ममा ६४ पालिकाले बजेट ल्याएका छन् भने २१ पालिकाले ल्याएका छैनन्। लुम्बिनी प्रदेशबाट कूल एक सय नौ पालिकामध्ये ८० पालिकाले बजेट ल्याएका छन् र २९ पालिकाले ल्याउन बाँकी छ। उक्त प्रदेशमा ७३.४ प्रतिशतले बजेट ल्याएका छन्। सुदूरपश्चिम प्रदेशका ८८ स्थानीय तहमध्ये ५० वटा (५६.८ प्रतिशत) ले बजेट ल्याएका छन्। बागमती प्रदेशका एक सय १९ पालिकामध्ये ६३ वटा (५२.९ प्रतिशत), कोशी प्रदेशबाट एक सय ३७ मध्ये ६९ वटा (५०.४ प्रतिशत) र मधेस प्रदेशबाट एक सय ३६ पालिकामध्ये जम्मा ५८ वटा (४२.६ प्रतिशत) स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट ल्याएका छन्।

केही पालिकाले भने बजेट ल्याए पनि मन्त्रालयको वेबसाइट (सिस्टम) मा प्रविष्ट नगरेकाले तथ्याङ्कमा नदेखिएको हुनसक्ने मन्त्रालयले जनाएको छ।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभामृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

**सम्पादकीय**

# संघीयता कार्यान्वयनमा अग्रसर

अन्तरप्रदेश मुख्यमन्त्री बैठक पोखरामा सम्पन्न भएको छ । कानुन बनेको पाँच बर्षमा अन्तरप्रदेश मुख्यमन्त्री बैठकमा कोसी बाहेक छ प्रदेशका मुख्यमन्त्री सहभागी थिए । गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको आयोजनामा भएको अन्तरप्रदेश मुख्यमन्त्री बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डको सहभागिता महत्त्वपूर्ण हो। गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको पहलमा भएको मुख्यमन्त्री बैठकमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नआएको बैठक खल्लो महशुस गरिएको थियो । यश पटकको बैठकमा प्रधानमन्त्री प्रचण्ड सहभागी भएर १७ बुँदे साझापत्र ग्रहण गर्नु सकारात्मक सन्देश हो । संघीयता थप प्रभावकारी बनाउन कानुनी र नीतिगत समस्या हटाउन संघले बेवास्ता गरेको गुनासो मुख्यमन्त्रीको रहँदै आएको हो । व्यावहारिक अभ्यास र अनुभवका आधारमा प्रदेशलाई बलियो र प्रभावकारी बनाउन मुख्यमन्त्रीहरुले साझा माग राखेका हुन ।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत, कानुनी र व्यावहारिक विषयको सम्बोधन गर्न १७ बुँदामा जोड दिइएको छ । संविधानमा नै तीन तहको सरकारको एकल र साझा अधिकारको बाँडफाँट सूची छ तर कतिपय विषयमा अन्योल कायमै छ। संघीयता कार्यान्वयनसम्बन्धी धेरै ऐन, नियम बनाइसकिएको पनि छ तर प्रदेश सरकारबाट हुनुपर्ने दैनिक कामकारबाही र विकास कार्य सम्बन्धित विषयमा देखिएका अवरोध हटाउन कैयौं कानुन अझै संघले बनाउन सकेको छैन । साझापत्र मूलतः आवश्यक कानुन निर्माणमा जोड दिइएको छ ।

सबैको पहिलो प्राथमिकता तत्काल प्रहरी समायोजन हुनुपर्ने, संघीय निजामती ऐनलगायत कानुन ल्याउनुपर्ने, प्रदेश सरकारको कार्यालय रहेका भवन र भवन परिसरको जग्गाको स्वामित्व प्रदेश सरकारको स्वामित्वमा आउनुपर्नेलगायत माग छन्। तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र पुनर्परिभाषित गरी कार्यविभाजनमा स्पष्टता ल्याउन कार्यविस्तृतीकरण प्रतिवेदन पुनरवलोकन गरी सोहीबमोजिमको संघीय कानुन तर्जुमा गर्नुपर्ने माग मुख्यमन्त्रीको छ । संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम प्रदेशले संघसँग परामर्श गर्दा अपनाउनुपर्ने प्रावधान कतिपय संघीय मन्त्रालयबाट पालना नभएकाले प्रदेशका मन्त्रालयहरूले सिधा सम्पर्क गर्न पाउनु पर्ने माग पनि छ ।

सङ्घीय निजामती सेवा ऐन, प्रहरी ऐन, सङ्घीय शिक्षा ऐनलगायत महत्वपूर्ण ऐन निर्माण हुन सके प्रदेश सरकारको उपस्थिति देखिन्छ। तत्कालै यी ऐन बनेमा प्रदेश सरकार सञ्चालनका निम्ति धेरै सहज हुनेछ। राष्ट्रसेवकको मनोदशा उत्साही हुने छ। विकास निर्माणका कार्यका निम्ति प्रदेशले समेत जग्गा प्राप्त गर्न सक्ने गरी जग्गा प्राप्ति ऐनमा आवश्यक संशोधन, प्रदेशलाई नदीजन्य पदार्थको मापदण्ड निर्धारण गर्ने अधिकार भएमा पनि प्रदेशबारे अहिले गरिएका नकारात्मक टिप्पणी गलत देखिनछन।अन्तर प्रदेश मुख्यमन्त्री बैठक लगत्तै राष्ट्रिय समन्वय परिषद्को बैठक पोखरामै हुनु आफैंमा समस्या हल गर्न अग्रसरता हो ।संविधानको धारा २३४ बमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा गृहमन्त्री, अर्थमन्त्री र प्रदेशका मुख्यमन्त्री सदस्य रहने गरी गठित प्रदेशहरूको राष्ट्रिय समन्वय परिषद् बैठक राख्न मुख्यमन्त्रीहरूले पटक-पटक आग्रह गरेका थिए ।

चार वर्षयता प्राथमिकतामा परिषद् बैठक परेको थिएन । अनि गण्डकी प्रदेश सरकारले मुख्यमन्त्रीको बैठक आयोजना गरी संघ सरकारसँग समस्या प्रस्तुत गर्न सुरु गरेको थियो। संघ, प्रदेश र स्थानीय तहबिच समन्वय कायम गर्न २०७७ साउन १३ मा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन प्रमाणीकरण भएपछि बल्ल अहिले परिषद्को पहिलो बैठक आयोजना गरिएको हो । ऐन नबन्दै परिषद्को दोस्रो बैठकले २९ बुँदे संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना अनुमोदन गरेको थियो । प्रदेशले अधिकार माग्ने र संघले अधिकार दिन नमान्ने प्रवृत्ति देखियो । संघीयता कार्यान्वयन गर्न दाता र माग कर्ता बन्नुपर्ने अवस्था अन्त्य हुन सकेमा पोखरा बैठक सार्थक हुनेछ ।

# बेनी-गलेश्वर सडक स्तरोन्नतिमा आशालाग्दो प्रगति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ असार

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर सडक योजनाअन्तर्गत बेनी-गलेश्वर सडक स्तरोन्नतिको काममा भएको भौतिक प्रगतिले चौतर्फी प्रशंसा बटुलेको छ ।

कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको बेनी नगरपालिका-८ कालीपुलबाट वडा नं ९ गलेश्वर जोड्ने बेनी-गलेश्वर खण्डमा पाँच महिनामा ८० प्रतिशत भौतिक प्रगति भएको हो । जिल्लामा भित्रिएका ठूला योजनामा ढिलासुस्ती, अलपत्र र समयमै सम्पन्न नहुने समस्याबीच यस क्षेत्रमा निर्माण कम्पनीले छोटो समयमा गरेको कामले चौतर्फी प्रशंसा बटुलेको बेनी नगरपालिका-९ का वडासदस्य गणेश सुवेदीले बताउनुभयो । "बेनी-गलेश्वर सडक आयोजनामा छोटो समयमा हासिलभएकोप्रगतिलेढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई चुनौती बनेको", उहाँले भन्नुभयो, "निर्माण व्यवसायीको इच्छाशक्ति, जनशक्ति, उपकरण परिचालन व्यवस्थित हुने, निर्माण सामग्रीको पर्याप्त व्यवस्थापन गर्ने तथा सरोकारवालाले नियमनसँगै सहजीकरण गर्ने हो भने ढिलासुस्ती हटाउन सकिने सन्देशदिएको छ।" बेनी-जोमसोम कोरला सडक योजना प्रमुख जगत प्रजापतिले करिडोरअन्तर्गत ठेक्का लागेका खण्डमध्ये सबभन्दा छिटो, छोटो समयमा धेरै काम गरेको खण्ड बेनी- गलेश्वर रहेको बताउनुभयो । उहाँका अनुसार २०७९ माघ ६ गतेबाट सुरु गरेको योजनाको काम हालसम्म सडक तलमाथिको पर्खाल, नाली, चारवटा कल्भट, सडक फराकिलो बनाउने काम, सबवेस र दुई सय मिटर आर सिसी ढलानसहित ८० प्रतिशत काम सकिएको छ ।

"यस सडकमा बेस हाल्न र कालोपत्र काम मात्र बाँकी छ", उहाँले भन्नुभयो, "बर्खा रोकिनेबित्तिकै सम्पन्न गर्ने तयारीमा निर्माण कम्पनी र आयोजना कार्यालय छ ।" निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले ठेक्का सम्झौतालगत्तै योजनास्थलमा उपकरण र मजदुर परिचालन गरेर साँघुरो सडकलाई आठ मिटरको फराकिलो बनाउने, सडक तलमाथि पर्खाल, चारवटा कल्भर्ट, दुई सय मिटर आरसिसी ढलानको काम सकिएको बताउनुभयो । दुई किलोमिटर एक सय दुई मिटर सडक कालोपत्र गर्नका लागि कम्पनीले भ्याट/पिएससहित रु १२ करोड ७५ लाख ९४ हजार चार सय ३६ मा ठेक्का लिएको थियो । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित गत पुस १७ गते आयोजना र निर्माण कम्पनीबीच सम्झौता भएको थियो । मुक्तिनाथ प्रवेशद्वारका रूपमा रहेको यो सडकखण्डलाई समयमै सम्पन्न गर्न आयोजनाका साथै स्थानीयरूपमा नियमितरूपमा अनुगमन, निरीक्षण र समन्वय गरिएको प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले बताउनुभयो ।

यो सडक कालोपत्र भएपछि बेनी नगरपालिकासहित रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका, मुस्ताङवासी र घुम्न आउने पर्यटकलाई आवातजावातमा सहज हुने छ । कालीगण्डकी नदीको कटान र माथिबाट खहरे भेलले सडक जीर्ण र साँघुरो बन्दै गएपछि पर्यटक र सर्वसाधारणको तीव्र दबाबपछि जिल्लाका जनप्रतिनिधि, सरोकारवाला र करिडोरको सक्रियतामा योजना अघि बढेको थियो ।

# ढिकालेथर टोल विकासमा कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार



ढिकालेथर टोल बिकाश संस्था पोखरा १२ कास्कीको शनिवार सम्पन्न चौथो अधिवेशन तथा सातौ साधारणसभाले गुप्त बहादुर कार्कीको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

संस्थाको उपाध्यक्ष उमरसुब्बा गुरुङ, सचिव नारायणप्रसाद सुवेदी, सहसचिव चन्द्रा आचार्य तथा कोषाध्यक्ष बलबहादुर मल्ल छानिएका छन्। तेस्तै कार्यसमिती सदस्यहरुमा धननाथ सुवेदी, तिर्थराज आचार्य, सञ्जय आचार्य र देवी थापा चुनिएका छन् । कार्यक्रमका प्रमुख अतिथि वडानं १२ का कार्यवहाक वडा अध्यक्ष सान्तबहादुर थापाले हरेक टोल विकाश संस्थाहरु बिकाश निर्माण तर्फ उन्मुख, नमुनायोग्य बन्दै अगाडी बढ्नु पर्नेमा जोड दिए ।

टोल बिकाश संस्थाका अध्यक्ष गुप्त बहदुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव रोशन प्रसाद श्रेष्ठले गरेका थिए। कार्यक्रममा ढिकालेथर आमा समुहकी अध्यक्ष शोभा आचार्य, ढिकालेथर सेवा समितिका पूर्व अध्यक्ष भरतबहादुर अधिकारी, सामुदायिक सेवा केन्द्र माटेपानी की उपाध्यक्ष इन्दीरा पन्त, ढिकालेथर खानेपानी उपभोक्ता समिति का अध्यक्ष बलबहादुर कार्की लगायतले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए ।

कार्यक्रममा टोल बिकाश संस्थाका ८० वर्ष पुगेका ११जना जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको थियो भने उत्कृष्ट आमा समुह सम्मानबाट सेतीनहर आमा समुहलाई सम्मानित गरियको थियो ।

# रोपाइँ गर्न ढिलाइ

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

ढिलोगरी मनसुनी वर्षा भएका कारण जिल्लामा रोपाइँ गर्न ढिलाइ भएको छ ।

"अहिलेसम्मको अवस्था हेर्दा जिल्लाभित्र करिब एक हजार दुई सय ६० हेक्टर क्षेत्रफल जमिनमा धान रोपाइँ भएको छ", कृषि ज्ञान केन्द्र गोरखाका प्रमुख परशुराम अधिकारीले भन्नुभयो, "मनसुनी वर्षाको आवश्यक नपर्ने खेतमा धमाधम रोपाइँ भए पनि आकाशे पानीको भर पर्नुपर्ने खेतमा रोपाइँ बल्ल सुरु हुन थालेको हो ।" अघिल्लो वर्ष यतिबेला जिल्लाभित्र २२ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको थियो । "पोहोर यतिबेला झन्डै बाइस प्रतिशत क्षेत्रफल जमिनमा रोपाइँ भइसकेको थियो", उहाँले भन्नुभयो, "अघिल्लो वर्षको तुलनामा जिल्ला यस वर्ष रोपाइँमा ढिलाइ भएको छ ।"

मुख्य गरी दरौदी करिडोर क्षेत्रका फाँट तथा खेतमा भने आकाशे पानी नपर्दै पनि रोपाइँ गर्नका लागि पानीको अभाव नहुने भएकाले ती क्षेत्रमा रोपाइँ भइसकेको उहाँको भनाइ छ । "आकाशे पानीको भर पर्नुपर्ने क्षेत्रमा मनसुनी वर्षा नभएसम्म रोपाइँ गर्न सक्ने अवस्था हुँदैन", प्रमुख अधिकारीले भन्नुभयो, "जहाँ सिँचाइको सुविधा तथा पर्याप्त पानीको सुविधा छ ती क्षेत्रमा मात्र रोपाइँ सकिएको हो ।"

जिल्लाको दक्षिणी भू-भागमा धेरैजसो बर्खे धानखेती हुने गरेको केन्द्र प्रमुख अधिकारीले बताउनुभयो । यहाँका खेतीयोग्य जमिनमध्ये जिल्लाको ३५ प्रतिशत भू-भागमा मात्र धानखेती हुने उहाँको भनाइ छ । "धानखेती हुने जमिनमध्ये पनि करिब ३८ प्रतिशत खेतमा मात्र सिँचाइको सुविधा पुगेको छ", उहाँले भन्नुभयो, "बाँकी जमिनमा रोपाइँ गर्न भने आकाशे पानीको भर पर्नुपर्ने बाध्यता गोरखाका किसानको छ ।" केही दिनदेखि वर्षा सुरु भएकाले सबैतिर रोपाइँ गर्न सुरु भइरहेको उहाँले बताउनुभयो ।

गोरखा जिल्लामा करिब १० हजार पाँच सय हेक्टरभन्दा बढी क्षेत्रफलमा धानखेती हुने गरेको प्रमुख अधिकारीले जानकारी दिनुभयो ।

कार्यालयले जिल्लाभित्रका सबै पालिकासँग नियमितरूपमा धान रोपाइँको तथ्याङ्क लिएर मन्त्रालयमा जानकारी गर्ने काम भइरहेकोसमेत उहाँले बताउनुभयो । जिल्लामा किसानले सावित्री, रामधान, सुक्खा-१, सुक्खा-२, सुक्खा-३, महाराजा, च्याम्पियन, युस-३१२ जातका धान रोप्ने गरेको उहाँले बताउनुभयो । पछिल्लो समयमा किसानले अन्य केही उन्नत जातको धानका बीउ पनि लगाउन सुरु गरेका छन्", केन्द्र प्रमुख अधिकारीले भन्नुभयो, "खेती प्रणालीमा यान्त्रिकीकरणको प्रयोग पनि पछिल्लो समय बढ्दै गएको छ ।"

# सबै पदमा महिलाको ५० प्रतिशत उम्मेदवारी हुनुपर्ने माग

**रासस**
काठमाडौं, १७ असार

नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टीलगायतका पार्टीमा आबद्ध महिला नेत्रीहरूले राज्यका तीनै तहका सबै पदमा महिलाको समानुपातिक (५० प्रतिशत) उम्मेदवारी हुनुपर्ने लगायतका माग गरी निर्वाचन आयोगमा ज्ञापनपत्र बुझाएका छन् ।

पूर्वसभामुख ओनसरी घर्ती, एमाले नेत्री विन्दा पाण्डे, एकीकृत समावजादीकी नेत्री रामकुमारी झाँक्री र नेपाल समाजवादी पार्टीकी नेत्री मानुषी यमी भट्टराईलगायतले आज प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई भेट गरी ज्ञापनपत्र बुझाउनुभएको हो । एकीकृत निर्वाचन कानूनको मस्यौदा बन्दै गरेको सन्दर्भमा संविधानको धारा ३८ (४) समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको मौलिक हकअनुरूप कानून बन्नुपर्ने, निर्वाचनमा पार्टीहरूद्वारा राज्यका तीनै तहका सबै पदहरूमा महिलाहरूको समानुपातिक (५० प्रतिशत) उम्मेदवारी हुनुपर्ने महिला नेत्रीहरूको माग छ । सङ्घ र प्रदेशअन्तर्गत पालिका प्रमुख र उपप्रमुख दुवै र वडाअध्यक्षमा उम्मेदवार हुन पाउनुपर्ने र महिलालाई समानुपातिक सूचीमा, उप-पदहरूमा मात्रै सीमित गराइएको यथार्थलाई परिवर्तन गराउन अत्यावश्यक रहेको नेत्री मानुषी यमी भट्टराईले बताउनुभयो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| ककर्ट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ शितल चौतारी टोलमा रहेको जेष्ठ नागरिक भवनमा जेष्ठ नागरिक मैत्री शौचालय निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : शितल चौतारी जेष्ठ नागरिक भवनमा जेष्ठ नागरिक मैत्री शौचालय निर्माण
**उपभोक्ता समिति**: जेष्ठ नागरिक मञ्च, पोखरा-१७
**योजना सम्झौता मिति**: २०८०/०१/२६ गते
**योजना सुरु मिति** : २०८०/०१/२७ गते
**योजना सम्पन्न हुने मिति** : २०८०/०३/२० गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/१७ गते
**महानगरपालिकाबाट** : रु. ६,५५,०००/-
**जनसहभागिता** : रु.७२,७७७/-
**जम्मा लागत** : रु.७,२७,७७७/-

**विष्णु प्रसाद पोखरेल**
**अध्यक्ष**
**जेष्ठ नागरिक मञ्च**
**पोखरा-१७, कास्की**



## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख लामाचौरदेखि महेन्द्रपुल आउनेक्रमा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नाम: राजकुमार थापा
ठेगाना: पोखरा-१६, लामाचौर
विमा लेख नं. : १३००५७३१९
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
फोन: ९८५६०३१८९९



## विमालेख हरायो

मिति २०८०/१/३० गते पृथ्वीचोक बाट महेन्द्रपुल जाँदै गर्दा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स क.लि. (साबिक सानिमा लाईफ इन्स्योरेन्स) को निम्न बिवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम: महेन्द्र राज त्रिपाठी
विमालेख नं. ४०१००००४९
सम्पर्क नं. ९८४६१६७१५१



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ मा पदमार्ग निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : दोपरे पदमार्ग
**उपभोक्ता समिति**: दोपरे पदमार्ग निर्माण उपभोक्ता समिति, पोखरा-१३
**योजना सम्झौता मिति** : २०८०/०२/१४ गते
**योजना सुरु मिति** : २०८०/०२/१५ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/०७ गते
**महानगरपालिकाबाट** : रु.५,००,०००/-
**जनसहभागिता** : रु.५६,१९७/८१
**जम्मा लागत** : रु. ५,५६,१९७/८१

**भोजराज वराल**
**अध्यक्ष**
**दोपरे पदमार्ग निर्माण उपभोक्ता समिति,**
**पोखरा-१३, कास्की**

